नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नेपालगञ्ज, बाँके ।

☎०८१-५३०१८८
✉: cdonpj@gmail.com
daobanke@moha.gov.np
www.daobanke.moha.gov.np

मितिः २०८१/१०/२०

प.सः ०८१/०८२(स्था.प्र.)
च.न.- ३२४६

विषयः सन् २०२५ हज शुल्कको भौचर एवम् सक्कल राहदानी संकलन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै,
बाँके।

प्रस्तुत विषयमा गृह मन्त्रालय, नेपाल हज समितिको सचिवालय, सिंहदरबार, काठमाडौंको च.नं. १४२, मिति २०८१/१०/२० गतेको पत्रसाथ संलग्न सन् २०२५ को हज आवेदकहरुको थप शुल्क बुझाउने सम्बन्धी सूचनाको छाँयाकपि यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। उक्त हज शुल्कको भौचर एवम् सक्कल राहदानी संकलन गर्ने सम्बन्धी सूचना तहाँ पालिकाको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयलाई पठाइदिनु हुन अनुरोध छ।

२०८१/१०/२०
बिनिता यादव
प्रशासकीय अधिकृत

श्री प्रशासन शाखा
आवश्यक कार्यार्थ + कार्यालयको वेबसाइट / सामाजिक सञ्जालमा सूचना प्रकाशित गर्ने प्रयोजनार्थ
१०/२०

नेपाल सरकार
**गृह मन्त्रालय**
# नेपाल हज समितिको सचिवालय

फोन नं.०१-४२११११०४
ईमेल: nepalhaj@gmail.com
वेबसाइट:nepalhajj.moha.gov.np
*सिंहदरवार, काठमाडौं।*

प.सं.: ०८१/८२
च.नं.: ९४२

मितिः २०८१।१०।२०

विषयः- हज शुल्कको भौचर एवम् सक्कल राहदानी संकलन गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा नेपालबाट सन् २०२५ मा हजयात्रा गर्न नेपाल हज समितिको मिति २०८१/०४/३२ एवं मिति २०८१/०७/०१ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम तहाँ जिल्ला प्रशासन कार्यालयमा रित पूर्वक आवेदन दिई दर्ता भएका सबै आवेदकहरूका लागि हज शुल्कको दोस्रो किस्ता वापत प्रति व्यक्ति रू.३,२०,०००/- (तीन लाख बीस हजार मात्र) नेपाल हज उपसमितिको मिति २०८१/१०/१८ को निर्णयानुसार निर्धारण भएको र उक्त निर्णयानुसार नेपाल हज समितिबाट मिति २०८१/१०/२० को गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आवेदकहरूबाट तहाँ कार्यालयमा प्राप्त हुने राहदानी एवं आवेदन फाराम संकलन गरी रकम बुझाएको बैंक भौचरको सक्कल प्रति र आवेदन फाराम HMIS मा Entry गरिदिने व्यवस्था हुन अनुरोध छ ।

नेपाल हज समितिको सूचना बमोजिम दोस्रो किस्ता बुझाउनु पर्ने अन्तिम मिति (२०८१/१०/२९) भित्र तहाँ कार्यालयमा संकलन भएका राहदानी र आवेदन फाराम यथाशीघ्र संकलन गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगंज
दर्ता नम्बरः- २९३२
मितीः- १०।२०

२०८१।१०।२०
(झंकनाथ ढकाल)
सदस्य सचिव

नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल हज समिति**

सिंहदरबार, काठमाडौं

## सन् २०२५ को हज आवेदकहरूले थप शुल्क बुझाउने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/१०/२० गते**

सन् २०२५(हज १४४६) को हजमा जान इच्छुक नेपाली मुस्लिम धर्मावलम्वीहरूबाट नेपाल हज समितिको मिति २०८१/०४/३२ को गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आवेदन गर्ने सम्पूर्ण आवेदकहरूले नेपाल हज उपसमितिको मिति २०८१/१०/१८ को निर्णयानुसार साउदी अरबमा लाग्ने मोअल्लिम शुल्क, भिसा शुल्क, यातायात शुल्क लगायत अन्य सरकारी खर्च ४३७२.९० SAR, मक्का र मदिनाको आवास तथा खाना खर्च ३१३०.५० SAR सहित जम्मा ७५०३.४०SAR (३१ जनवरी २०२५ तदानुसार २०८१/१०/१८ गतेको ने.रा.बै.को बिनिमय दर रू.३७.०३ प्रति SAR ले जम्मा ने.रू.२,७७,८५०), विविध वापत रू.७,१५०/- (रकम साउदी अरब पठाउँदा मुद्रा विनिमय दरमा आउन सक्ने फरक र साउदी अरबको मिना क्याम्पको शुल्कमा हुन सक्ने घपघट समेतका लागि अनुमानित) र हवाइ भाडा ने.रू.८५,०००/-समेत गरी प्रति व्यक्ति रू.३,७०,०००/- खर्च हुने अनुमान गरिएकोले दोस्रो किस्ता वापत प्रति व्यक्ति रू.३,२०,०००/- (अक्षेरूपी तीन लाख बीस हजार मात्र) मिति २०८१/१०/२९ (तदानुसार ११ फेब्रुअरी २०२५) गते भित्र नेपाल हज समितिको राष्ट्रिय वाणिज्य बैंकमा रहेको चल्ती खाता नं.११३०१०००००३९६००१ मा जम्मा गरी सक्कल भौचर र सक्कलै राहदानी समेत आवेदन दिएको जिल्ला प्रशासन कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

(इश्रा मुल्ला मिया)
अध्यक्ष